# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८१

## अन्तिम प्रतिवेदन


**लिखु पिके गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

चौलाखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २. | गाउँपालिकाको संक्षिप्त परिचय | २ |
| ३. | लैससास रणनीति तर्जुमा कार्यका लागि भएका कानुनी व्यवस्था | २ |
| ४. | लैससास क्षेत्रका विद्यमान समस्या तथा चुनौतीहरु | ४ |
| ५. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको औचित्य | ७ |
| ६. | नाम र प्रारम्भ | ७ |
| ७. | परिभाषा | ८ |
| ८. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति | १० |
| ९. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति | १८ |
| १०. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशक समितिको काम, कर्तव्य र अधिकार | १९ |
| ११. | अनुगमन तथा मूल्याङ्कन | २० |
| १२. | लैससास रणनीतिका अपेक्षित उपलब्धिहरू | २० |

## १. पृष्ठभूमी

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था रहेको छ । संविधानको भाग ३, मौलिक हक र कर्तव्य अर्न्तगत धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, २६ मा धार्मिक स्वतन्त्रताको हक, ३२ मा भाषा तथा संस्कृतिको हक, ३८ मा महिलाको हक, ३९ मा बालबालिका सम्बन्धी हक, ४० मा दलितको हक, ४२ मा सामाजिक न्यायको हक, ४१ मा ज्येष्ठ नागरिकको हक, ४३ मा सामाजिक सुरक्षाको हकलगायतका मौलिक हकहरूको व्यवस्था गरिएको छ ।

महिलाको हक सम्बन्धी उपधारा (१) ले समान वंशीय अधिकार, उपधारा (२) ले सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, उपधारा (४) ले राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, उपधारा (६) ले सम्पत्ति तथा पारिवारिक मामिलासम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । बालबालिकाको हकसम्बन्धी उपधारा ४ ले कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, उपधारा ५ ले बालविवाह, गैरकानूनी ओसारपसार अपहरण र बन्दक राख्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । दलितको हक सम्बन्धी उपधारा १ ले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी व्यवस्था गरेको छ त्यसैगरी सामाजिक न्यायको हक सम्बन्धी उपधारा १ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, पिछाडावर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएको व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रको नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागीताको हक सुनिश्चित गरेको छ ।

संविधानले लैससास सुनिश्चित गर्न समानता र गैर भेदभावको सिद्धान्तको व्याख्या गर्नुका साथै संवैधानिक राष्ट्रिय आयोग र मानव अधिकार समाज संस्थाहरू सहित राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मधेश आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय आदिवासी जनजाति आयोग र राष्ट्रिय मानव अधिकार आयोगहरू स्थापना गरी कार्य आरम्भ गरिसकेको अवस्था छ । संविधानद्वारा प्रत्याभूति गरिएको संघिय शासन प्रणालीमा लैङ्गिक असमानता र सामाजिक वहिष्करणलाई कम गर्न तथा सामाजिक रुपान्तरणका लागि धेरै अवसरहरू प्रदान गरेको छ । यस पद्धतीले नेपालका सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता अगाडि बढाउने क्षमता राख्दछ । लै.स.सा.स. का सवालमा सम्बोधन गर्ने मुख्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा दिगो विकास लक्ष्य, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW),बेइजिङ्ग घोषणा पत्र (BPFA) आदि मूख्य पङ्क्तीमा रहेका छन् ।

दिगो विकासको पाँचौ लक्ष्य लैङ्गिक समानता र सोह्रौ लक्ष्य शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाजको आवश्यकता मुख्य लै.स.सा.स.को लागि समर्पित लक्ष्य हुन् । यद्यपी दिगो विकासका सबै लक्ष्य लै.स.सा.स. अनुरुप एकिकृत गरिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशिताको सिद्धान्तका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

यसै सन्दर्भमा लैससास स्थानीयकरण रणनीति २०७५, को अधिनमा रही यस लिखु पिके गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तय गरीएको छ ।

## २. गाउँपालिकाको संक्षिप्त परिचय

लिखु पिके गाउँपालिका कोशी प्रदेशअन्तर्गत सोलुखुम्बु जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने एक हिमाली गाउँपालिका हो । यहाँ अवस्थित प्रसिद्ध लिखु नदी र पिके चुचुराको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । यसको सिमाना भएर बग्ने लिखु नदी सप्तकोशी नदीको एक सहायक नदी पनि हो । यस गाउँपालिकामा अवस्थित अग्ला डाँडाहरु मध्येको एक पिके डाँडा हिमाली दृश्य अवलोकनको लागि निकै मनोरम र रमणीय स्थान हो । नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका गोली, चौंलाखर्क र भकान्जे गा.वि.स.हरुलाई समेटी स्थापना भएको हो । यसको पूर्वी सिमाना सोलुखुम्बु जिल्लाकै सोलुदुधकुण्ड नगरपालिकासँग जोडिएको छ भने यहाँको पश्चिमी सिमानामा रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका, उत्तरी सिमानामा सोलुदुधकुण्ड नगरपालिका र उमाकुण्ड गाउँपालिका रहेका छन् भने दक्षिणी सिमानामा ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिका रहेको छ ।

## ३. गाउँपालिकाको जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ५,३३४ रहेको छ भने जसमध्ये पुरुषको संख्या २,६७३ र महिलाको संख्या २,६६१ रहेको छ । त्यसैगरी यहाँ १,२५१ कुल घर परिवार रहेका छन् भने यहाँको जनघनत्व ४३ रहेको छ । यहाँ बसोबास गर्ने प्रमुख जातिहरुमा क्षेत्री, शेर्पा, तामाङ, घर्ती/भुजेल, थामी, विश्वकर्मा, नेवार, ब्राहमण, सुनुवार र परियार रहेका छन् । जातिगत हिसाबले यहाँ सबैभन्दा बढी जनसंख्या क्षेत्री २,६८८ अर्थात ५०.४ प्रतिशत रहेको छ । यसैगरी दोस्रोमा शेर्पा १,१९७ अर्थात २२.४ प्रतिशत, तेस्रोमा तामाङ ३२५ अर्थात् ६.१ प्रतिशत र चौथोमा घर्ती/भुजेल ३०२ अर्थात ५.७ प्रतिशत रहेको पाउन सकिन्छ ।

यहाँ अपाङ्गता भएका व्यक्तिहरु १२० जना रहेका छन् । जसमध्ये सबैभन्दा धेरै शारिरिक अपाङ्गता भएका व्यक्ति ६२ अर्थात ५१.७ प्रतिशत रहेका छन् भने न्युन दृष्टि युक्त अपाङ्गता भएका ८ जना अर्थात् ६.७ प्रतिशत रहेका छन् । यसैगरी, मनोसामाजिक अपाङ्गता १२ अर्थात  १० प्रतिशत, दृष्टीविहीन अपाङ्गता भएका १० अर्थात ८.३ प्रतिशत, मानसिक वा मनोसामाजिक अपाङ्गता भएका ६ जना रहेका छन् भने बहिरोपन सम्बन्धी अपाङ्गता भएका ८ जना रहेका छन् । यसै गरी न्युन श्रवणशक्ति भएका ३ जना, बहुअपाङ्गता भएका ४ जना रहेका छन भने बहिरोपन एवम् दृष्टिविहिनसम्बन्धी अपाङ्गता भएका २ जना, बौद्धिक अपाङ्गता भएका २ जना तथा अटिजम भएका ३ जना रहेका छन् ।

## ४. लै.स.सा.स. रणनीति तर्जुमा कार्यका लागि भएका कानुनी व्यवस्था

नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा गरिएको अभ्यासलाई अध्ययन गर्दा नीतिगत रुपमा २ खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । विगतमा गरिएका प्रयासहरू तथा वर्तमानको अवस्था । नेपालमा विगतदेखि नै महिला, लक्षित व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र विकास प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको पाइन्छ । यसका निमित्त लक्षित वर्गको स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउने, राज्य संरचना एवम् निर्णय प्रक्रियामा न्यायोचित प्रतिनिधित्व गराउने, लक्षित वर्ग तथा समुदायको उत्थान, विकास र सशक्तीकरण गर्ने एवम् सामाजिक सुरक्षाका लागि संस्थागतरूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका कार्यहरू भएका छन् । यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ ।

नेपालको संविधानले आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विपन्न लगायत विभिन्न लक्षित वर्गहरूलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । नेपालको संविधानमा नै विभिन्न आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ ।

विगतमा दशौं योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर (सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिईएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । यसअनुरुप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र लै.स.सा.स.सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ कार्यान्वयनमा रहेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका कानूनहरू र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेको अवस्था छ ।

नेपालमा वि.सं. २०७८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसंख्याको ५१.१ प्रतिशत महिला रहेकोमा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.६ प्रतिशत रहेको छ । यस्तै, सम्पत्तिमा स्वामित्व पुगेका महिला २६ प्रतिशत मात्र रहेको देखिन्छ। महिला पुरुषको श्रमशक्ति सहभागिता दर क्रमश २६.३ र ५३.८ प्रतिशत रहेको छ । आफ्नो जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसाबाट पिडित महिलाहरूको संख्या नेपालमा २४.४ प्रतिशत रहेको छ ।

त्यस्तै, आ.व. २०७५/२०७६ मा नेपालको लैङ्गिक असमानता सूचकांक ०.४७६, लैङ्गिक सशक्तिकरण सूचकांक ०.५७, लैङ्गिक विकास सूचकांक ०.८९७ तथा लैङ्गिक उत्तरदायी बजेट ३८.१६ प्रतिशत रहेको छ । यसै गरी पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको छ ।

महिलाहरूको राजनिति तहमा सहभागिता तथा नेतृत्वको सन्दर्भमा, नेपालको २०७४ तथा २०७५ मा सम्पन्न संघ, प्रदेश तथा स्थानीयतहको निर्वाचन अनुसार महिलाको राष्ट्रिय सभामा ३७.३ र प्रतिनीधि सभामा ३२.७ प्रतिशत, प्रदेश सभामा ३४.४ र स्थानीय तहमा ४१ प्रतिशत निर्वाचित महिला सदस्य रहेको अवस्था छ ।

मुलुकको मानव विकास सूचकाङ्क ०.५७९ रहेको छ । यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरू बीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ ।

नेपाल, बंगलादेश र भारत पछि दक्षिण एसियामा बाल विवाहदर उच्च भएको तेस्रो देश हो र नेपालमा ३७ प्रतिशत महिलाहरूले १८ वर्षभन्दा अगाडि नै विवाह गर्छन भने १५ वर्ष भन्दा पहिले नै विवाह बन्धनमा बाँधिने अनुपात १० प्रतिशत रहेको छ । (श्रोत) दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०) यसैबीच लै.स.सा.स. रणनीतिको तर्जुमा कार्यका लागि कानुनी तथा बैधानिक आधारहरूलाई यसरी बुँदावद्ध गर्न सकिन्छ ।

- नेपालको संविधान २०७२

- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७
- १५ औं राष्ट्रिय योजना,
- लैससास स्थानीयकरण रणनीति २०७५,
- दीगो विकासका लक्ष्यहरू

## ५. लै.स.सा.स. क्षेत्रका विद्यमान अवस्था, समस्या तथा चुनौतीहरु

### लै.स.सा.स.को विद्यमान अवस्था

गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा अध्ययन गर्दा, गाउँपालिकाअर्न्तगत नयाँ बनेका वा बन्न लागेका भवनहरु लै.स.सा.स.मैत्री सोच र लक्ष्यका साथ तयार गरिएका भएता पनि गाउँकार्यपालिकाको सेवा प्रवाह भइरहेको हालको भवन भने अपाङ्गता मैत्री रेहेको पाइदैन । गाउँपालिकाले अपाङ्गता दिवस मनाउने, परिचय पत्र वितरण गर्ने, गरिब तथा विपन्न बर्गका किसानहरुलाई नि:शुल्क विउ विजन वितरण गर्ने, लक्षित बर्गको क्षमता विकासका लागि सीपमुलक तथा क्षमता विकास सम्बन्धी तालिम संचालन गर्नेलगायतका कार्यहरु निरन्तर गरिरहेको छ । यस गाउँपालिकाले लै.स.सा.स.को क्षेत्र विस्तृत बनाउने उद्देश्यका साथ विभिन्न नीतिहरू अगाडी सारेको छ जसलाई बुँदागत रुपमा यसरी हेर्न सकिन्छ ।

- महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुने उद्योग व्यवसायमा ५० प्रतिशत शुल्क छुट गरिने ।
- महिलाहरुलाई व्यवसायिक बनाउन सबै वडामा उद्यमशिलता तालिम सञ्चालन गर्ने गराउने नीति अबलम्बन गरिने ।
- गम्भीर प्रकृतिका रोग लागेका र हिंसामा परेका महिलाहरुको लागि सुविधा तथा राहत उपलब्ध गराउन पहल गरिने ।
- बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनका लागि तोकेको ५१ वटा सूचकहरुलाई न्यूनतम सूचक मानि सो सूचकहरु पूरा गर्नका लागि आवश्यक पहल गरिने ।
- बालबालिकामा पर्नसक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा, शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक स्वास्थ्यसम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिइने ।
- गाँउपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वहाँहरुसँग भएको ज्ञान तथा अनुभव नयाँ पुस्तालाई हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी स्वास्थ्य शिविर संचालन गरिने ।
- जेष्ठ नागरिक परिचयपत्र सहज रुपमा उपलब्ध गराउने प्रबन्ध मिलाइने ।
- विपन्न, महिला, दलित स्वरोजगारीका लागि उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्ने सामाजिक सङ्घ संस्थालाई प्राथमिकता प्रदान गरी परामर्श कक्ष कार्यक्रम सञ्चालन गर्न पहल गरिने ।
- विपन्न, महिला, दलित, अपाङ्ग समुदायका जोखिममा परेका व्यक्तिहरुका लागि शुरक्षण व्यवस्था र न्यायिक सहयोगका लागि समन्वय गरिने ।

यद्यपी यहाँ महिला, जनजाति, दलित, अपाङ्ता भएका तथा पछाडि पारिएका समुदायहरूलाई सिपमुलक तथा क्षमता विकासका क्षेत्रमा ठोस कार्यक्रमहरूको सुरुवाती चरणमा मात्र रहेका छन् । साथै विभिन्न

कार्यक्रम तथा समितिहरूमा महिला सहभागिता रहेको भए तापनि निर्णय प्रक्रियामा महिला सहभागिताको सक्रियता भने न्यून रुपमा रहेको अवस्था छ । आर्थिक बर्ष २०८१/८२ को गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको प्रतिवेदनका आधारमा बिद्यमान सबल पक्ष, कमजोर पक्ष अवसर तथा चुनौतीहरुलाई यसरी बुँदाबद्ध गर्न सकिन्छ ।

| | गाउँपालिकाको लै.स.सा.स.को सवालमा सबल पक्षहरू |
|---|---|
| ▪ | हाल गाउँपालिकाले निर्माण गरेको ऐन, नियम, कार्यविधि जस्ता कानून निर्माणका क्रममा दलित, महिला, एकल महिला, जनजाती आदिको सहभागिता हुने गरेको । |
| ▪ | स्थानीय नीति तथा कानूनमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान व्यवहारिक रुपमा रहेको । |
| ▪ | योजना तर्जुमा र कार्यान्वयनमा समावेशी पद्धति विकास र अवलम्बन गरिएको । |
| ▪ | गाउँपालिकाको बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितीकरणमा परेको समुदायलाई फाईदा पुग्ने गरी केही प्रतिशत बजेट छुट्याउने गरेको । |
| ▪ | महिला र बालबालिका लक्षित गरी केही प्रतिशत बजेट विनियोजन गरेर कार्यक्रम सम्पन्न गरेको । |
| ▪ | गाउँपालिकाले लैङ्गिक हिंसा, मानव बेचबिखन, विभेद र असमानता विरुद्धको जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने गरेको । |
| ▪ | विपन्न महिलालाई सिपमूलक तालिम दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको । |
| ▪ | समिति तथा उपसमितिहरू गठन गर्दा लैंगिक तथा समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गरिएको । |
| ▪ | गाउँपालिकाको सबैजसो निकाय तथा समितिहरूमा महिला सहभागिताको सुनिश्चितता तथा कार्यान्वयन (३३%) भएको । |
| ▪ | सामाजिक सुरक्षा पञ्जिकरण आदिको प्रविधिको सहयोगबाट अभिलेखीकरण गर्ने गरेको । |
| ▪ | समावेशी सुचना प्रणालीको व्यवस्थापनको लागि बजेटको व्यवस्था गरेको । |
| ▪ | खण्डीकृत सुचना तथा तथ्यांक संकलन अद्यावधिक गर्ने कार्य अभ्यासमा रहेको । |
| ▪ | गाउँपालिकामा साँस्कृतिक तथा धार्मिक सहिष्णुता कायम रहेको । |
| ▪ | सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको । |
| ▪ | कतिपय महिलाहरू राजनीति, सामाजिक कार्यलगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेका । |
| ▪ | पालिकामा समाजमा विद्यमान कुरिति, कुसंस्कार, बालविवाह, बहुविवाह, छुवाछुत लगायत हटाउन कार्यक्रमहरू तयार गरी सञ्चालन गर्ने अभ्यास भइरहेको । |
| ▪ | गाउँपालिकाले भौतिक संरचना निर्माण गर्दा बालमैत्री, महिलामैत्री र अपाङ्गमैत्री बनाउने नीति लिए सँगै सरकारी भवन निर्माण कार्य लैससासमैत्री बनाउन सुरुवात गरेको । |
| ▪ | सेवा प्रवाह गर्दा दलित, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएकाहरूलाई प्राथमिकता दिने गरिएको । |
| ▪ | परिवार नियोजन, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्यसम्बन्धी कार्यक्रमहरू लगायत महिलाको प्रजनन् स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालनमा रहेको । |
| ▪ | गाउँपालिकाले आफ्नो पालिकाभित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका तथा बञ्चितिकरणमा परेको समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री, पोसाक तथा छात्रवृत्तिको व्यवस्था गरी सबैलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुऱ्याउन मद्दत गरेको । |
| ▪ | गाउँपालिकाले सुशासन तथा जवाफदेहिताको लागि नियमित रुपमा कार्यक्रमहरूको सामाजिक परिक्षण, सार्वजनीक सुनुवाई, पत्रकार भेटघाट र स्थानीय संचार माध्यमद्वारा सूचना प्रदान गर्ने गरेको । |
| ▪ | प्रत्येक टोलमा महिला तथा आमा समुह गठन गरी हिंसा न्यूनीकरण, क्षमता अभिवृद्धि तथा मूलप्रवाहीकरणका कार्यहरू भइरहेको । |
| ▪ | लैंङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जालिकरण गरी लै.स.सा.स. क्षेत्रको विकासको लागि कार्यक्रमहरू गर्ने गरेको । |
| ▪ | महिलाहरूले घरको मात्र काम नभई घर बाहिरको काम पनि गर्न सक्छन् भन्ने सन्देश दिएका । |

| गाउँपालिकाको लै.स.सा.स.को सवालमा सबल पक्षहरू | |
|---|---|
| **मुख्य संभावना र अवसरहरू** | |
| ▪ | अपाङ्ग पुनर्स्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने । |
| ▪ | शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने । |
| ▪ | सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने । |
| ▪ | महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको । |
| ▪ | एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने । |
| ▪ | महिला तथा पुरुषको समविकासको लागि छुट्टै लै.स.सा.स. नीति तयार गरी कार्यान्वयन गर्न सकिने । |
| ▪ | गाउँपालिकामा स्थानीय कर्मचारीहरू कार्यरत रहेको हुँदा समुदायको भाषा सँस्कृति बुझ्ने भएकाले काम गर्न सहज हुने जसले गर्दा सबै समुदायको समस्याहरू, चुनौतीहरूलाई नजिकबाट नियाल्न सकिने । |
| ▪ | स्थानीय सूचनाहरू स्थानीय भाषामा प्रवाह तथा प्रसारण गरी सबै क्षेत्रमा सबै समुदायको सहभागीता सुनिश्चित गर्न सकिने । |

| गाउँपालिकाको लै.स.सा.स.को सवालमा कमजोर पक्षहरू | |
|---|---|
| ▪ | गाउँपालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्रम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको । |
| ▪ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न नसकिएको । |
| ▪ | समाजमा महिला, दलित, लैङ्गिक तथा यौनिक संख्यक, अपाङ्गता भएका व्यक्तिहरूको समग्र सामाजिक स्तर कमजोर रहेको । |
| ▪ | जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको । |
| ▪ | सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको । |
| ▪ | जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका । |
| ▪ | लुकिछिपी बाल विवाह गर्ने प्रचलन हालसम्म कायम रहेको । |
| **प्रमुख समस्याहरू र चुनौतीहरू** | |
| ▪ | लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने । |
| ▪ | महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने । |
| ▪ | सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्न । |
| ▪ | व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्न । |
| ▪ | प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्यबारे जनचेतना फैलाउन । |
| ▪ | घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्न । |
| ▪ | बालविवाह तथा बहुविवाहलाई दण्डित गर्न । |
| ▪ | बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्न । |
| ▪ | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरूमा सहभागिहरूको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहलाई विशेष प्राथमिकतामा राखेर आवश्यक पहिचानका आधारमा गर्न । |

| गाउँपालिकाको लै.स.सा.स.को सवालमा कमजोर पक्षहरू |
| --- |
| ▪ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको । |
| ▪ जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका । |

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको औचित्य

लै.स.सा.स. क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भए तापनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरू, गर्भवती महिला, सुत्केरी अवस्थाका महिला, लैङ्गिक तथा यौनीक अल्पसंख्यक व्यक्तिहरू, किसान, लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरूको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेको छैन ।

सबै लक्षित वर्ग र समुदायहरूलाई संगठित गरी उनीहरूको आवाज वा गुनासो सुन्न सकिएको अवस्था छैन । लक्षित वर्गमा आफना अधिकार र विद्यमान कानूनी प्रावधानका सम्बन्धमा यथेष्ठ जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सकिरहेको छैन । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमहरू पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेको छैनन । समाजमा विभिन्न गलत चलन र अभ्यासहरू विद्यमान रहेका छन जसले समाज विकासमा कुनै न कुनै रुपमा वाधा उत्पन्न गरिरहेको अवस्था छ । जातीय तथा वर्गीय विभेदहरू कायम रहेका छन् । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ । शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन जरुरी छ ।

यस गाउँपालिकाले महिला, जनजाती, आदिवासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडी परेको वर्ग तथा समुदायको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएको छ । गाउँपालिकाले लैससास रणनीति तयारी पश्चात आफ्नो क्षेत्रको विकासका लागि श्रोत र साधनहरूको बाँडफाँड, कार्यान्वयन तथा परिचालन र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा सामाजिक समानता ल्याउने उद्देश्य राखेको छ । गाउँपालिकाबाट प्रवाहित सेवालाई बढी प्रभावकारी बनाउन लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गिक उत्तरदायी विकास प्रक्रियालाई संस्थागत गर्न सामाजिक समावेशीकरणको पक्षमा व्यापक कार्य गर्नका लागि लैससास रणनीति अपरिहार्य छ । लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा एउटा मार्गचित्र भएकोले कर्मचारी तथा पदाधिकारीहरूको व्यक्तिगत तथा संस्थागत क्रियाकलापहरूलाई लैंङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ । रणनीति तर्जुमा पश्चात लै.स.सा.स.को पक्षमा जवाफदेहिता तथा उत्तरदायित्व बहन गर्ने सवालमा थप जिम्मेवार बनाउछ । साथै गाउँपालिकाको लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउनका साथै सामाजिक क्षेत्रको विकासको कार्यक्षेत्र विस्तार गर्न पनि सघाउ पुऱ्याउँदछ । यसका साथै लैससास क्षेत्रमा हाल भइरहेका अभ्यासहरूलाई संस्थागत गर्न तथा यस गाउँपालिकालाइ लै.स.सा.स.मैत्री बनाउन लै.स.सा.स. रणनीतिको औचित्य रहेको छ ।

## ७. नाम र प्रारम्भ

- यस रणनीतिको नामः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८१ रहेको छ ।
- यो कार्यपालिका बैठकबाट निर्णय भइ प्रमाणिकरण भएको मितिबाट प्रारम्भ हुनेछ ।

## ८. परिभाषा

**बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षलाई मूलप्रवाहीकरणका लागि गाउँपालिकाले लिएका नीति, तथा तर्जुमा गरेका कार्यक्रम, बजेट, आयोजना एवं संस्थामा काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्थालाई संस्थागत रूपमा सबल र सक्षम बनाउन सहयोग पुऱ्याउने मार्गचित्र सहितको दस्तावेज भन्ने बुझिन्छ ।

- **स्थानीय तह वा सरकार** भन्नाले गाँउपालिकासम्झनु पर्छ ।
- **कार्यक्रम** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रूप सम्झनु पर्छ ।
- **योजना** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, विषयगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ ।
- **लैङ्गिक समता** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।
- **लैङ्गिक समानता** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।
- **सामाजिक समावेशीकरण** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित एवम् विपन्न तथा सामाजिकरुपमा पछाडि परेका समूहहरुलाई राज्यका सबै तहको संरचनामा प्रतिनिधित्व तथा विकास निर्माण र कार्य सम्पादनका प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ । साथै यस शब्दले बन्चितिकरणमा परेकाहरुको पहिचान, प्रतिनिधित्व, सहभागिता, पहुँच वृद्धि, सशक्तीकरण र आवश्यकता परिपूर्ति गर्ने लगायतका कार्यलाई जनाउँदछ ।
- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्छ ।
- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्पर्क व्यक्ति** भन्नाले कुनै कार्यालय वा सरकारका विभिन्न तहहरुमा लैससास विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको पदाधिकारी वा कर्मचारीलाई सम्झनु पर्छ ।
- **उपभोक्ता समिति** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।
- **गैरसरकारी संस्था** भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।
- **स्थानीयकरण** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम् अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।
- **बञ्चित समूह** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक एवम् भौगोलिक कारणले पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्दछ ।

- **अल्पसंख्यक** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।
- **सीमान्तकृत** भन्नाले राजनीतिक, आर्थिक र सामाजिकरूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।
- **लक्षित समूह** भन्नाले आर्थिकरूपमा विपन्न वर्गका महिला एवम्, बालबालिका तथा आर्थिक र सामाजिकरूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय) सम्झनु पर्छ ।
- **लैङ्गिक उत्तरदायी बजेट** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनावद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।
- **लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट** भन्नाले स्थानीय योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।
- **लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको नीति, बजेट र कार्यक्रममार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।
- **लैङ्गिक मूलप्रवाहीकरण** भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र, प्रक्रिया तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।
- **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिकरूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।
- **लैङ्गिक प्रभाव विश्लेषण** भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको लेखाजोखा गर्ने कार्यलाई सम्झनु पर्दछ ।
- **सशक्तिकरण** भन्नाले विकासका अवसरहरुबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सबल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

**दिर्घकालीन सौँच**

लैङ्कता तथा सामाजिक समावेशीकरणका हिसाबले न्यायपूर्ण र समान समाज निर्माण

**दिर्घकालीन लक्ष्य**

लिङ्ग, वर्ग, क्षेत्र, धर्म, सम्प्रदाय, वर्ण, भाषा, क्षेत्रलगायत कुनैपनि दृष्टिले समान, सभ्य र सौहार्दपूर्ण समाजको स्थापना गर्ने ।

**उद्देश्य: लैङ्गिक समानता**

१) लैङ्गिक समानता कायम गरी महिला, किशोरी तथा बालिकाको सर्वाङ्गिण विकास गर्न नीतिगत तथा स्थानीय सरकारका संरचनाहरू सक्षम तुल्याउनु ।

२) लैङ्गिक समानतामैत्री असल शासन प्रर्वद्धन गर्नु ।

३) समाजमा रहेका लैङ्गिक भेदभावपूर्ण संस्कार, कुरिति, परम्परा र अभ्यासहरूको अन्त्य गरी सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्नु ।

४) महिला शशक्तिकरणका लागि सर्वाङ्गीण विकासको अवधारणा व्यवहारमा उतार्नु ।

**उद्देश्य - १**

लैङ्गिक समानता कायम गरी महिला, किशोरी तथा बालिकाको सर्वाङ्गिण विकास गर्न नीतिगत सुधार तथा स्थानीय सरकार संयन्त्र र संरचनाहरूलाई सक्षम तुल्याउनु

**रणनीति**

१.१ पालिकाले निर्माण तथा अबलम्बन गर्ने विकास सम्बन्धी सम्पूर्ण नीति, रणनीति, निर्देशिका तथा अन्य औजारहरू पूर्णत लैङ्गिकरुपमा सूसुचित, संवेदनशील र मैत्रीपूर्ण बनाउने

१.२ प्रभावकारी लैङ्गिकमैत्री संयन्त्रहरूको विकास गरी संस्थागत गर्दै लैजाने ।

**कार्यनीति**

१.१.१ पालिकाद्वारा हालसम्म निर्माण गरी लागु भएका विकास सम्बन्धी नीति, नियम, निर्देशिका तथा औजारहरू पूर्णत लैङ्गिक दृष्टिकोणबाट उपयूक्त भए नभएको विश्लेषण गरी सुधार गरिनेछ ।

१.१.२ पालिकाद्वारा सम्पादन गर्ने वा गराउने विकास, योजना तथा नीति निर्माण सम्बन्धी क्रियाकलापहरूका कार्यक्षेत्रगत शर्तहरू तयार पार्दा लैङ्गिकतामैत्री भएको सुनिश्चित गरिनेछ ।

१.१.३ पालिकामा भैरहने सबै प्रकारका क्रियाकलापहरू लैङ्गिकमैत्री भएको सुनिश्चित गर्न लैङ्गिक श्रोत व्यक्तिको (अधिकारीको) व्यवस्था गरी निरन्तर विज्ञसँग सल्लाह सुझाव लिइनेछ ।

१.१.४ लैङ्गिकमैत्री योजना, नीति, कार्यक्रम तथा व्यवहारहरूको सुनिश्चितता गर्न सम्बन्धित सरोकारवालाको सहभागिता सुनिश्चित गरी समग्र निर्णय प्रक्रियामा उनीहरूका आवाजहरूलाई सम्बोधन गरिनेछ ।

१.१.५ नीतिगत सुधार गर्न दस्तावेजहरूमा लक्षित समुदायका परिभाषा र पहिचान स्पष्ट गरिनेछ ।

१.१.६ लैङ्गिकताको क्षेत्रमा महशुस योग्य सुधार गर्न यस सम्बन्धी खण्डकृत तथ्याङ्कहरूको उपयोग

## कार्यनीति

गरिनेछ ।

१.१.७ निश्चित समयमा अद्यावधिक हुने खण्डकृत तथ्याङ्क प्रणालिको निर्माण गरिनेछ ।

१.२.१ पालिकामा सामाजिक विकास शाखालाई श्रोत र साधनयूक्त तुल्याई लैङ्गिकता सम्बन्धी विषय र क्रियाकलापको सम्बोधन हुने केन्द्रको रुपमा विकास गरिनेछ ।

१.२.२ स्थानीय न्यायिक समितिलाई प्रभावकारी कार्य सम्पादन गर्न सबल र सक्षम तुल्याइनेछ ।

१.२.३ न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई न्याय सम्पादन तथा मेलमिलापसम्बन्धी नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

१.२.४ गुनासो दर्ता अभिलेखीकरण तथा सम्बोधन सयन्त्रको निर्माण गरिनेछ ।

१.२.५ महिला कर्मचारीहरूका लागि स्तनपान कक्ष तथा शिशु स्याहार कक्षको निर्माण गरिनेछ ।

१.२.६ महिलामैत्री शौचालयको अनिवार्य प्रबन्ध गरिनेछ ।

१.२.७ सार्वजनिक संरचना निर्माण गर्दा महिलामैत्री संरचना निर्माणको सुनिश्चितता हुने रणनीति कार्यान्वयन गरिनेछ ।

१.२.८ पालिकाको GESI सम्पर्क अधिकारीलाई क्षमता विकास सम्बन्धी नियमित तालिम र अभिमुखिकरण गरिनेछ ।

१.२.९ GESI परिक्षण तथा सामाजिक परिक्षणलाई नियमित र संस्थागत गरिनेछ ।

१.२.१० स्थानीय उपभोक्ता समिति र स्थानीय विकासमा कृयाशिल अन्य समितिका पदाधिकारीहरूलाई लैङ्गिकताको विविध संवेदनशिल पक्षहरूमा सुसुचित हुनेगरी नियमित अभिमुखिकरण गरिनेछ ।

## उद्देश्य - २

लैङ्गिक समानतामैत्री असल शासन प्रबर्द्धन गर्नु ।

## रणनीति

२.१ सामाजिक न्यायमा आधारित लैङ्गिकमैत्री शासन स्थापित गर्न प्रभावकारी संस्थागत संयन्त्रण निर्माण गर्ने ।

## कार्यनीति

२.१.१ पालिकामा लैङ्गिक समानतासँग सम्बन्धित सामाजिक विकास शाखा, न्यायिक समिति, लैङ्गिक सम्पर्क व्यक्ति लगायतका सरोकारवालाहरू लैङ्गिक समानताका दृष्टिले शासकीय तहमा रहेका असल अभ्यास, सिद्धान्त, अवधारणा र प्रतिफल बारे सुसुचित गर्न विशेष तालिम प्रदान गरिनेछ ।

२.१.१ पालिकामा लैङ्गिक समानतासँग सम्बन्धित सामाजिक विकास शाखा, न्यायिक समिति, लैङ्गिक सम्पर्क व्यक्ति लगायतका सरोकारवालाहरू लैङ्गिक समानताका दृष्टिले शासकीय तहमा रहेका असल अभ्यास, सिद्धान्त, अवधारणा र प्रतिफल बारे सुसुचित गर्न विशेष तालिम प्रदान गरिनेछ ।

२.१.२ विषेश गरी लैङ्गिकतासँग प्रत्यक्ष वा अप्रत्यक्ष गाँसिएका स्थानीय कानून निर्माण गर्दा कानून

## कार्यनीति

मस्यौदाकारहरूलाई यथेष्ट तालिम तथा अभिमुखिकरण गरिनेछ ।

२.१.४ लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई पूर्णत संस्थागत गरिनेछ ।

२.१.५ सार्वजनिक तथा निती क्षेत्र दुवैमा कार्यस्थलमा लैङ्गिक संवेदनशीलता तथा समानता सुनिश्चित गर्न विशेष आचार संहिता निर्माण गरी लागु गरिनेछ ।

२.१.६ यस प्रकारका आचार संहिता, कानून तथा विविध प्रावधानहरूका अन्तरबस्तुका बारेमा सर्वसाधारणलाई व्यापक रुपमा सुसुचित गर्न विभिन्न संचार माध्यमहरूलाई परिचालन गरिनेछ ।

२.१.७ स्थानीय तथ्याङ्क प्रणालीलाई लैङ्गिक विषयसँग सम्बन्धित सम्पूर्ण खण्डीकृत तथ्याङ्कहरूको समेत व्यवस्थापन गर्ने प्रणालीको रुपमा विकास गरिनेछ ।

२.१.८ यस प्रकारको तथ्याङ्क प्रणालीलाई सूचना प्रविधिमैत्री र सहजै पहुँच योग्य तुल्याइनेछ ।

२.१.९ पालिकामा हुने सार्वजनिक नियुक्ती तथा कर्मचारी भर्ना जस्ता क्रियाकलापहरू पूर्णत समानूपातिक समावेशिताको सिद्धान्तमा आधारित बनाई कार्यान्वयन गरिनेछ ।

२.१.१० बहुविभेदमा परेका सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता लगायतका अति विपन्न वर्गका महिलालाई सकारात्मक विभेदको सिद्धान्त अनुरुप विशेष शसक्तिकरणका कार्यक्रमहरू संचालन गरी सोही बमोजिम तथ्यगत सूचनामा आधारित बजेट विनियोजन गरिनेछ ।

२.१.११ लैङ्गिकमैत्री असल शासन स्थापित गर्न समूदाय, नागरिक समाज, आमा समूह, ग्रैह सरकारी संस्था, दातृ निकाय अभिन्नता, यूवा तथा किशोरीहरूको सहभागिता सुनिश्चित गरी सहकार्य गरिनेछ ।

## उद्देश्य - ३

समाजमा रहेका लैङ्गिक भेदभावपूर्ण संस्कार, व्यवहार, कुरिति, परम्परा र अभ्यासहरूको अन्त्य गरी सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्नु ।

## रणनीति

३.१ नैतिक मूल्य, सामाजिक तथा मानविय आचरणको पर्वद्धन मार्फत सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक रुपान्तरण गर्ने ।

३.२ लैङ्गिक हिंसा साथै यौन हिंसा लक्षित विषेश कार्यक्रम संचालन गर्ने ।

## कार्यनीति

३.१.१ विद्यालय तहको पाठ्यक्रम साथै विद्यार्थीहरूलाई लैङ्गिक समानता झल्काउने र प्रर्वद्धन गर्ने प्रकारका शैक्षिक सामाग्रीको प्रयोग गरी व्यापक चेतना अभिवृद्धि गरिनेछ ।

३.१.२ पालिकाभर रहेका सामाजिक कुप्रथाहरूको अध्ययन र पहिचान गरिनेछ । साथै यस प्रकारका कुप्रथाको कारणसमेत विश्लेषण गरिनेछ ।

३.१.३ घर परीवार, सार्वजनिक स्थल, समाज कार्यस्थल लगायतका सर्वत्र प्रयोग हुने भाषामा लैङ्गिक असमानता झल्काउने तथा असंवेदनशील भाषा, बोली तथा व्यवहारको उन्मुलन गर्न सम्पूर्ण सरोकारवालाहरूलाई समेटी व्यापक जनजागरण अभियान संचालन गरिनेछ ।

३.१.४ महिला भूमिका रुपान्तरणका क्षेत्रमा नतिजामूखी कार्यक्रम संचालन गरी स्थानीय

महिलाहरूलाई उत्प्रेरणा जगाइनेछ । यस कार्यमा विषेश गरी पुरुष सरह भूमिका निभाइरहेका महिलाका सफलताका कथाहरू उनीहरूको तहबाट संप्रेषण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३.१.५ महिलाको भूमिका रुपान्तरण तथा शशक्तिकरणका लागि प्रत्यक्ष योगदान पुऱ्याउने उत्कृष्ट पुरुषहरूको पहिचान गरी वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

३.२.१ हरेक वर्ष महिला माथि हुने दुर्व्यवहारको तथ्याङ्क राख्न टोल टोलमा महिला सेलहरू गठन गरी उनीहरू मार्फत गोपनियता कायम गरी विवरण संकलन गरिनेछ ।

३.२.२ महिला माथि हुने हिसांको प्रकृतिबारे विशेष अध्ययन गरिनेछ ।

३.२.३ महिला हिंसासम्बन्धी अध्ययनका निचोडहरूको आधारमा न्यूनिकरणका प्रभावकारी उपायहरू पहिचान गरिनेछ ।

३.२.४ स्थानीय महिला सेलहरूलाई सकृय बनाई महिला माथि हुने हिंसा उन्मुलन गर्न सामूहिक प्रयासलाई प्रोत्साहन गरिनेछ ।

३.२.५ यौन शोषण र यौन हिसा विरुद्ध बनेका कानूनहरूको व्यापक प्रचार प्रसार गरिनेछ ।

३.२.६ विपन्न र असहाय महिलाहरूको लागि भेदभाव र हिंसा विरुद्ध निशुल्क कानूनी उपचार प्रदान गर्न विशेष संयन्त्र विकास गरिनेछ ।

३.२.७ न्यायिक समितिका पदाधिकारीहरूलाई नियमित पुर्नताजगी तालिम प्रदान गरिनेछ ।

३.२.८ महिला हिंसा विरुद्ध सुरक्षा निकायको भूमिका प्रभावकारी तुल्याउन स्थानीय समुदाय र सुरक्षा निकायबीच नियमित अन्तरक्रिया आयोजना गरिनेछ ।

३.२.९ यौन हिंसाका घटनाहरूलाई नलुकाई उजांगरण गर्न सुरक्षा निकाय र महिला सेलको सहयोगमा विद्यालयस्तरमा किशोर-किशोरी केन्द्रित कार्यक्रमहरू नियमित संचालन गरिनेछ ।

३.२.१० हिंसा पिडित, बेचविखनमा परेका महिला, किशोरी वा बालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि विषेश सुरक्षा र संरक्षण गर्न सुरक्षा गृह तथा दिर्घकालिन रुपमा पुर्नस्थापना गर्न पुर्नस्थापना केन्द्रको स्थापना गरिनेछ ।

३.२.११ हिंसा पिडित महिला तथा किशोरीहरू लक्षित मनोपरामर्शका कार्यक्रमहरू संचालन गरिनेछ । मनोपरामर्श सेवालाई नियमित र पहुँच योग्य बनाउन call center संचालनमा ल्याइनेछ ।

३.२.१२ हिंसा पिडितहरूको उद्धार गर्न हेल्पलाईन सेवा संचालन गरिनेछ ।

३.२.१३ लैङ्गिक तथा यौन हिंसा न्यूनिकरण गर्न समुदायस्तरमा आवस्यकता अनुसार निगरानी तथा सहायता समूह गठन गरिनेछ ।

३.२.१४ साइबर अपराध र त्यसका नकारात्मक प्रभावका साथै साइबर कानूनका विषयमा स्थानीय सर्वसाधरणलाई सुसुचित गर्न स्थानीय संचार माध्यमहरूको व्यापक प्रयोग गरिनेछ ।

३.२.१५ हिंसा प्रभावित तथा जोखिममा रहेका महिलाहरू केन्द्रित विशेष आयआर्जनका कार्यक्रमहरू संचालन गरिनेछ ।

३.२.१६ समाजमा व्याप्त अन्धविश्वास र कुरिती जस्तै महिनावारी, बालबिवाह, बहुबिवाह, दाइजो तथा तिलक जस्ता प्रथाहरूका नकारात्मक प्रभावबारे विद्यालयस्तरबाट जागरण गर्ने प्रकारका छात्र छात्रा केन्द्रित कार्यक्रम संचालन गरिनेछ ।

३.२.१७ बोक्सिका नाममा हुने सबै प्रकारका हिंसाको सम्बोधन, सुनवाई कार्वाही हुने वडा स्तरीय संयन्त्रको निर्माण गरिनेछ ।

३.२.१८ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका समस्याहरू सम्बोधन गर्न उनीहरूको वस्तुगत विवरण संकलन गरी समाजमा आत्मसम्मानका साथ सहज तरीकाले जीवन यापन गर्न सक्ने वातावरण निर्माण गर्न व्यापक जनचेतना अभिवृद्धि गरिनेछ ।

महिला शसक्तिकरणका लागि उनीहरूको सर्वाङ्गिण विकासको अवधारणालाई व्यवहारमा उर्तानु

## रणनीति

४.१ समान कामका लागि समान ज्याला सुनिश्चित गरी श्रममा हुने विभेदको अन्त्य गर्ने साथै आर्थिक विकासमा महिलाको भूमिकालाई उच्च कदर गर्ने

४.२ महिला उद्यमशिलता तथा स्वरोजगारी प्रर्वद्धन गरी महिलाको आर्थिक शसक्तिकरण गरिनेछ।

४.३ श्रोत र साधन माथी महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरी आर्थिक रुपमा सबल तुल्याइनेछ।

## कार्यनीति

४.१.१ घरेलु कामकाजमा महिला र पुरुषको हिस्सा समान गर्न महिलालाई औपचारीक साथै उच्च प्रतिफल मूखी कामकाज तर्फ आर्कषण गर्न कार्यक्रम संचालन गरिनेछ।

४.१.२ आफ्नो श्रमको अधिकांश समय घरेलु काममा व्यतित गर्नुपर्ने महिलाको तथ्याङ्क तयार पारिनेछ।

४.१.३ यस प्रकारका काममा संलग्न महिलालाई घर बाहिरका उत्पादनमुलक काममा आर्कषण गर्न उनीहरूका परिवारसँग अन्तरक्रिया तथा सहकार्य गरिनेछ।

४.१.४ ज्ञान, सीप तथा साक्षरतामा पुरुष र महिलाबीचको अन्तरलाई शून्यमा झार्न लक्षित कार्यक्रमहरू संचालन गरिनेछ।

४.१.५ विश्वविद्यालय शिक्षा पुरा गर्न चाहने महिलाहरूलाई विशेष प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ।

४.१.६ बुहारी शिक्षा कार्यक्रम संचालन गरी विवाह पछि, विवाहको कारणले अध्ययन गर्न नपाएका महिलाको लागि विशेष प्रोत्साहन हुने कार्यक्रम संचालन गरिनेछ।

४.२.१ महिला उद्यमशिलता वृद्धि गर्न समूहमा व्यवसाय संचालन गर्न योजनाहरूमा मापदण्डका आधारमा ब्याजमा अनुदान प्रदान गरिनेछ।

४.२.२ कम्तीमा २ जना महिलालाई रोजगारी दिने उद्यम गर्न चाहेमा त्यस्ता उद्यमशील महिलालाई मापदण्डका आधारमा Venture Capital को व्यवस्था गरिनेछ।

४.२.३ सफल महिला उद्यमीहरूलाई उद्यमशिल महिलाहरूसँग साक्षात्कार गराई उत्प्रेरणा जगाउने क्रियाकलाप संचालन गरिनेछ।

४.२.४ पालिकामा उद्यमी महिलाहरूको पहिचान गरी उनीहरूका अपेक्षा र समस्याबारे बुझ्न वर्षमा एक पटक अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

४.२.५ उद्यमी महिलाहरूको रुचीका क्षेत्रमा नियमित तालिम प्रदान गरिनेछ।

४.२.६ राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ बमोजिम **एक स्थानीय तह एक बिक्री केन्द्र** कार्यक्रम अनुरुप स्थानीय स्तरमा महिलाहरूले उत्पादन गरेका वस्तुहरूको बजार सुनिश्चित गर्न पालिकामा एक बिक्री केन्द्र स्थापना गरिनेछ।

४.२.७ प्राविधिक विषय अध्ययन गर्न चाहने महिलाहरूका लागि विशेष प्रोत्साहन वापत अध्ययन खर्चमा मापदण्ड आधारमा अनुदान प्रदान गरिनेछ।

४.२.८ कुनै प्रकारका सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूलाई निशुल्क विशेष तयारी कक्षा संचालन गरिनेछ।

४.२.९ कानून विषयमा स्नातकोत्तर गर्न चाहने जेहेन्दार महिलालाई मापदण्डका आधारमा छात्रवृति प्रदान गरिनेछ।

४.२.१० पालिकामा रहेका ठूला उद्यमी महिलाहरूलाई विशेष सम्मान प्रदान गरिनेछ।

४.२.११ उद्यमी महिला संजाल निर्माण गर्न पालिकाले सहजिकरण गर्नेछ।

## कार्यनीति

४.३.१ पूँजीबजारमा महिलाको पहुँच वृद्धि गर्न स्थानीय महिला सेल मार्फत जागरण र अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

४.३.२ महिलाद्धारा संचालीत व्यवसाय तथा उद्योगहरूमा मापदण्डका आधारमा विशेष छुटको प्रबन्ध गरिनेछ ।

४.३.३ महिला उद्यमशिलता सहजिकरण केन्द्रको स्थापना गरिनेछ ।

४.३.४ भविष्यमा पालिकामा स्थापना हुने औद्योगिकग्राममा महिला उद्यमीहरूका लागि विशेष स्थानको प्रबन्ध हुनुपर्ने नीति निर्माण गरिनेछ ।

४.३.५ स्थानीय सहकारी, वित्तिय संस्था तथा बैङ्किङ्रूसँग सहकार्य गरी महिलाद्वारा गरिने व्यवसायमा विशेष छुट र सहजिकरण गर्ने प्रबन्ध मिलाइने छ ।

४.३.६ महिला सहकारीहरूलाई विशेष प्रोत्साहन गर्ने नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४.३.७ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना तथा संचालन गर्ने महिला समूहलाई विशेष आधार बनाई सोही आधारमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।

# सामाजिक समावेशीकरण

## दिर्घकालीन सोच

लैङ्गिकता तथा सामाजिक समावेशीकरणका हिसाबले न्यायपूर्ण र समान समाज निर्माण

## दिर्घकालीन लक्ष्य

लिङ्ग, वर्ग, क्षेत्र, धर्म, सम्प्रदाय, वर्ण, भाषा, क्षेत्र लगायत कुनैपनि दृष्टिले समान, सभ्य र सौहार्दपूर्ण समाजको स्थापना गर्ने ।

## उद्देश्य

सामाजिक समावेशीकरणका दृष्टिकोणले मूल प्रवाहमा नपरेका सबै लिङ्ग, जात, धर्म, सम्प्रदाय, भाषा, क्षेत्र, उमेर वा अन्य आधारमा हुने सबै प्रकारका विभेदको अन्य गरी सामाजिक समावेशिता सुनिश्चित गर्नु ।

## उद्देश्य - १

सामाजिक समावेशिकरणका दृष्टिकोणले मूल प्रवाहमा नपरेका सबै लिङ्ग, जात, धर्म, सम्प्रदाय, भाषा, क्षेत्र, उमेर वा अन्य आधारमा हुने सबै प्रकारका विभेदको अन्य गरी सामाजिक समावेशिता सुनिश्चित गर्नु ।

## रणनीति

१.१ पालिकाले सम्पन्न गर्ने सबै विकास क्रियाकलाप, सेवा, प्रवाह, योजना नीति तथा कार्यक्रममा सामाजिक समावेशीकरणको सिद्धान्त पूर्णत अबलम्बन गर्ने ।

१.२ सामाजिक समावेशिताका दृष्टिकोणबाट पछाडी परेका नागरिकहरूको आर्थिक सबलिकरण र मूल प्रवाहिकरण सुनिश्चित हुने कार्यक्रम कार्यान्वयन गर्ने ।

१.३ व्यापक सामाजिक जागरणका अभियान संचालन गरिनेछ ।

१.४ सामाजिक समावेशीकरणमा संलग्न संस्थागत संयन्त्रलाई श्रोत साधन सम्पन्न गरी सबलिकरण गरिनेछ ।

## कार्यनीति

१.१.१ पालिकाको स्थानीय सामाजिक समावेशीकरण नीति निर्माण गरी लागू गरिनेछ ।

१.१.२ हाल कार्यान्वयन भैरहेका सम्पूर्ण विकास कार्यक्रम तथा सेवा प्रवाहमा सामाजिक समावेशिताको सिद्धान्त कार्यान्वयन भए नभएको विश्लेषण र परिक्षण गरी प्रतिवेदन प्रणालीमा आबद्ध गरिनेछ ।

१.१.३ विद्यमान कानूनहरूको पुनरावलोकन गरी सामाजिक समावेशिताको सिद्धान्त बमोजिम संसोधन गरिनेछ ।

१.१.४ नीति निर्माण तथा कानून संशोधन गर्ने क्रियाकलापहरू लक्षित वर्गको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरी उनीहरूका आवाज सम्बोधन हुनेगरी गरिनेछ ।

१.१.५ नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर गरेका सम्पूर्ण अन्तराष्ट्रिय अभिसन्धि तथा प्रतिबद्धताहरू अनुरुप समावेशिताको अवधारण कार्यान्वयन हुने वातावरण निर्माण गर्न अध्ययन गरिनेछ ।

१.१.६ स्थानीय सरकार बाहेक नीजि क्षेत्र, सहकारी गैह्र सरकारी संस्था तथा स्थानीय सरकारको मातहतमा रहने सम्पूर्ण संघ, संस्था व्यवसायिक प्रतिष्ठान तथा कार्यस्थलहरूमा सामाजिक समावेशिता कार्यान्वयन हुने गरी नीति तथा क्रियाकलापहरू परिमार्जन गर्नुपर्ने प्रावधान राखिनेछ ।

१.१.७ सामाजिक समावेशिता कार्यान्वयनमा आइपरेका कठिनाई र वाधा व्यवधानलाई शुक्ष्म रुपमा अध्ययन गरी टोल-टोलको तहबाट समाधानका वस्तुगत उपायहरू पहिचान गरिनेछ ।

१.१.८ नियमित रुपमा सामाजिक समावेशीकरणमा भैरहेका उपलब्धि साथै कमीकमजोरीको अवस्था यकिन गर्न चुस्त प्रतिवेदन प्रणालीको निर्माण गरिनेछ ।

१.१.९ सामाजिक समावेशीकरण सम्बन्धी सम्पूर्ण खण्डीकृत तथ्याङ्कहरू नियमित रुपमा अध्यावधिक हुने प्रबन्ध गरी सूचना प्रविधिमैत्री तथा पहुँच योग्य तुल्याइनेछ ।

१.१.१० वार्षिक नीति तथा कार्यक्रममा सामाजिक समावेशिता सुनिश्चित गर्न स्थानीय सामाजिक विकास समिति र सम्बन्धित सरोकारवालाहरूलाई प्रशिक्षण गरिनेछ ।

१.१.११ सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिको व्यवस्था गरी कार्य विवरण तोकिनेछ ।

१.१.१२ हिंसा, विपद, गरीबी आदिका कारण पूर्ण संरक्षणको आवश्यकता भएका कुनै प्रकारका व्यक्तिहरूको अभिभावकत्व पालिकाले लिनेछ ।

१.१.१३ बेसहारा, फकिर, सडक मानव, जेष्ठ नागरिकहरूको न्यूनतम आवश्यकता र सुरक्षाका लागि पालिकामा एक संरक्षण केन्द्र स्थापना गरिनेछ ।

१.१.१४ संरक्षणको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको वडागत लगत संकलन गरी परिचय पत्र वा स्थितिको पहिचान खुल्ने पहिचान पत्र प्रदान गरिनेछ ।

१.१.१५ पालिकाभित्र हुने विकास क्रियाकलाप तथा प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता कार्यक्रमहरूमा लक्षित वर्गको रोजगारी सुनिश्चित हुनेगरी प्राथमिकता प्रदान गरिनेछ ।

१.१.१६ स्थानीय टोल सुधार संस्था, क्लब, सामुदायिक संस्था आदिमा समावेशिता सुनिश्चित हुनेगरी सदस्यहरू मनोनयन नियूक्ति वा चयन गर्नुपर्ने प्रावधान कार्यान्वयन गरिनेछ ।

१.१.१७ सामाजिक परिक्षणलाई नियमित गरी प्रतिवेदन प्रणालीमा आबद्ध गरिनेछ ।

१.२.१ पालिकाको सामाजिक समावेशिताको वस्तुगत तथ्याङ्का आधारमा समावेशी सूचकहरूको निर्माण गरी समावेशितालाई मापनयोग्य तुल्याइनेछ ।

१.२.२ पालिका तथा अन्य विकास साझेदारहरूद्वारा गरिने समावेशी कार्यक्रमहरूमा दोहोरोपन आउन नदिन र दुर्बल क्षेत्रमा बजेट विनियोजन तथा योजना छनोट गर्न सामाजिक

विकास समितिलाई सक्रिय र जिम्मेवार तुल्याइनेछ।

१.२.३ पालिकाको अभिलेख प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउन प्रत्येक वडा कार्यालय लगायत सामाजिक विकास शाखालाई श्रोत र साधनयुक्त बनाइनेछ।

१.२.४ लक्षित समुदाय र अन्य आम नागरिकहरूका बीच रहेका अन्तरलाई कम गर्न विषय क्षेत्र कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । उदाहरणका लागि साक्षरता प्रतिशत, स्वास्थ्य सेवा, पहुँच आदि ।

१.२.५ आय आर्जन तथा आर्थिक शसक्तिकरणका लागि बीउ पूँजी वितरण गर्न अति विपन्न लक्षित वर्गको पहिचान गरी अनुदानको मापदण्ड तयार गरिनेछ।

१.२.६ बञ्चितिकरणमा परेका बालबालिका नैसर्गिक अधिकारहरू सुनिश्चित गर्न विशेष गरी स्वास्थ्य, पोषण र शिक्षाका कार्यक्रमहरूलाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

१.२.७ विपन्न र लक्षीत वर्ग केन्द्रित सीप विकास तालिमहरू संचालन गरिनेछ।

१.२.८ विपन्न लक्षित सरल कर्जाको प्रबन्ध गरिनेछ।

१.२.९ अति विपन्न परिवारलाई बचत गर्ने परिपाटी बसाल्न सहकारीमा आबद्ध गराइने छ।

१.२.१० अति विपन्न वर्गमा लक्षित वित्तिय साक्षरता कार्यक्रम संचालन गरिनेछ।

१.२.११ परम्परागत पेशामा संलग्नहरूलाई सीप विकास मार्फत आधुनिकीकरण गर्दै लैजाने साथै मौलिकता प्रर्वद्धन गर्ने लक्षित कार्यक्रम कार्यान्वयन गरिनेछ।

१.२.१२ लक्षित वर्गलाई उपयुक्त हुने सामाजिक सुरक्षा योजनामा समाहित गरिनेछ।

१.२.१३ लक्षित वर्गको स्वास्थ्य बीमा गरिनेछ साथै अति विपन्न वर्गलाई स्वास्थ्य बीमा अनुदान प्रदान गरिनेछ।

१.२.१४ मूल प्रवाह भन्दा बाहिर रहेका शैक्षिक संस्थाहरू जस्तै गुरुकुल, आश्रम, वेद, विद्याश्रम, गुम्बा, मदरसा लगायतका धार्मिक गुठी तथा शैक्षिक संस्थाहरूको क्रमश सुदृढिकरण गरिनेछ।

१.२.१५ स्थानीय लोपोन्मुख भाषा, लिपि तथा गाथाहरूको संरक्षण गर्न अर्मूत साँस्कृतिक परम्पराको सूचिकरण गरी ठोस कार्यक्रम संचालन गरिनेछ।

१.२.१६ यस्ता परम्परा, संस्कृति र पहिचान संरक्षण गर्न पालिकास्तरीय साँस्कृतिक केन्द्रको स्थापना गरिनेछ।

१.२.१७ जोखिममा जीवन बिताइरहेका हिंसा पिडितहरूको लगत संकलन गरी उनीहरूको पुर्नस्थापनाका लागि मनोपरामर्श सेवा संचालन गरिनेछ।

१.२.१८ भौगोलिक विकटताका कारण स्वास्थ्य उपचारबाट बञ्चित महिला, अपाङ्ग, असहाय तथा अति विपन्न नागरिकहरूलाई तत्काल उद्धार गरी उपचार गर्ने संयन्त्र विकास गरिनेछ।

१.२.१९ भौगोलिक विकटता वा चरम गरिबीका कारण आधारभूत शिक्षाबाट बञ्चित बालबालिकालाई छात्रावास सुविधा प्रदान गरिनेछ।

१.३.१ पुरातनवादी सोच, विचार र व्यवहारमा रुपान्तरण गर्न, सामाजिक चेतनाको विकास गरी सभ्य समाज निर्माण गर्न सामाजिक चेतनामूलक क्रियाकलापहरूलाई नियमित र व्यापक तुल्याइनेछ।

१.३.२ सामाजिक सञ्जाल, राष्ट्रिय तथा स्थानीय संचार माध्यमको सहयोगमा सामाजिक सन्देशमूलक सूचना सम्प्रेषणलाई व्यापक बनाइनेछ।

१.३.३ सामाजिक आचरण र व्यवहार सम्बन्धी आचार संहिता लागू गरिनेछ।

१.३.४कार्यस्थलमा हुने सबै प्रकारका दुर्व्यवहार दण्डनीय हुने र सोको सुनुवाई गर्ने संयन्त्रको विकास गर्न स्थानीय न्यायिक समितिलाई सकृय र श्रोत साधनयुक्त तुल्याइनेछ।

१.३.५ सामाजिक समावेशीकरण सम्बन्धी निर्माण गरिएका कानूनी प्रावधानको बारेमा जनस्तरमा व्यापक प्रचार प्रसार गरिनेछ।

**कार्यनीति**

| | |
|---|---|
| १.३.६ | विद्यालयतहबाट सामाजिक समावेशीकरण सम्बन्धी अवधारणा आचार र व्यवहारको बारेमा ज्ञान दिन शिक्षक तालिम तथा बालबालिका अभिमुखीकरण गरिनेछ। |
| १.३.७ | बालविवाह, बहुविबाह, लैङ्गिक हिंसा, यौन शोषण, छुवाछुत, दाइजो तिलक, हलिया वा अन्य प्रकारका शोषणहरूको उन्मूलन गर्न वडास्तरमा व्यापक जनजागरण ल्याई मानविय मूल्य र मान्यता स्थापित गर्न समाजका अगुवाहरूलाई सकृय रुपमा परिचालन गरिनेछ। |
| १.४.१ | सामाजिक समावेशीकरणसँग सम्बन्धित कर्मचारी जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई नियमित क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ। |
| १.४.२ | पालिकामा सामाजिक विकास शाखा र सामाजिक विकास समितिलाई आवश्यक पर्ने श्रोत तथा साधनको पहिचान गरी त्यसको परिपूर्ति गरिनेछ। |
| १.४.३ | समावेशिता सम्बन्धी खण्डीकृत तथाङ्कमा आधारित सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनलाई दुरुस्त पारिनेछ। |
| १.४.४ | पालिकाभर संचालन भई सफल ठहरिएका असल अभ्यासहरूलाई उजागर गरी व्यापक प्रचार प्रसार गरिनेछ। |
| १.४.५ | आवश्यक कर्मचारीहरूको दरबन्दी व्यवस्थापन गरिनेछ। |
| १.४.६ | हरेक वर्ष नियमित रुपमा गरिने सामाजिक समावेशिता सम्बन्धी कार्यक्रमलाई वार्षिक पात्रोमा तय गरी संचालन गरिनेछ। |
| १.४.७ | सामाजिक समावेशिता सम्बन्धी भए गरेका कार्यक्रमहरूको चुस्त प्रतिवेदन प्रणाली निर्माण गरिनेछ। |

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति

यस रणनीतिमा भएका प्रावधानलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको सामाजिक समावेशीकरण निर्देशक समिति रहनेछ

| | |
|---|---|
| गाउँपालिकाका प्रमुख | संयोजक |
| उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक, | सदस्य |
| कार्यपालिकाका सदस्यहरू मध्येबाट कम्तिमा २ जना | सदस्य |
| महिला सहित संयोजकले तोकेका तीन जना | सदस्य |
| सामुदायिक संङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तीन जना | सदस्य |
| सामाजिक विकास शाखाका प्रमुख | सदस्य सचिव |

## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशक समितिको काम, कर्तव्य र अधिकार

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ-

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।
- नीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्बन्धी व्यवस्था गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहयोगी नीतिहरूसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू स्थापित गर्न सहयोग गर्ने ।
- वडा कार्यालयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।
- योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणलीमा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने ।
- सरकारी तथा गैह्रसरकारी सङ्घ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।
- वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने ।
- अन्तर्राष्ट्रियरुपमा गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिबद्धताहरू स्थानीयस्तरमा लागू एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुऱ्याउने ।
- आर्थिक एवम् सामाजिकरूपमा पछाडि परेका वर्ग, जात जाति, लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।
- सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको आँकलन र जोखिम सम्बोधन गर्ने गराउने ।
- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

कार्ययोजनाअर्न्तगतका क्रियाकलापहरुको उपलब्धि हरेक आर्थिक बर्षको पहिलो चौमासिक भित्र गरिने लैससास परिक्षणको समयावधिमा गरिनेछ । साथै लैससास परिक्षणको प्रतिवेदनको आधारमा तय गरिने १ आर्थिक बर्षको कार्यतालिकालाई प्रत्येक बर्ष नतिजा मापन ईकाईको रुपमा प्रयोग गरिने छ । सबल र राम्रो अभ्यास गरिएका क्रियाकलापहरुलाई निरन्तरता दिँदै कमजोर अथवा सुधार गरी अगाडी बढ्नु पर्ने पक्षलाई पालिकाले स्वमूल्याङ्कन गरी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने छ । उपलब्धिको मापन प्रस्तुत तालिकाको ढाँचामा रही गरिनेछ-

| कार्ययोजना | क्रियाकलापहरु | वास्तविक उपलब्धि | प्रतिशत उपलब्धि (समय अवधीको अनुपातमा निकाल्ने ) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## १२. लै.स.सा.स. रणनीतिका अपेक्षित उपलब्धिहरू

- गाउँपालिकाका नीति तथा कार्यक्रमहरू लैससास संवेदनशिल हुनेछन् ।
- लक्षित वर्गको सशक्तिकरण भई अधिकारको दावी गर्न सक्ने अवस्थामा पुग्नेछन् ।
- सरोकारवाला निकायको लैससास प्रतिको बुझाईमा एकरुपता आइ क्षमता अभिवृद्धि भएको हुनेछ ।
- स्रोत साधन र सेवा प्रवाहमा लक्षित वर्ग र समुदायको पहुँच वृद्धि हुनेछ ।
- योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनेछ ।
- आधारभूत र खण्डिकृत तथ्याङ्क तयार भइ सोही अनुसारको लैससासका कार्यक्रमहरू कार्यान्वयन हुनेछन ।
- नेपाल सरकारको लैससाससँग सम्बन्धित नीतिहरू, दिगो विकास लक्ष्य र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, कार्यान्वयनमा योगदान पुग्नेछ ।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रिया लैससासमैत्री हुनेछ ।

# आर्थिक बर्ष २०८१/८२ का लागि लै.स.सा.स. विकास कार्ययोजना

| आर्थिक वर्ष २०८१/८२ का लागि महत्वपूर्ण कार्यक्रमहरू | | मुख्य जिम्मेवारी | | |
|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता |
| १. | महिला, पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकासका लागि लै.स.सा.स नीति तय गरी सोही नीतिका आधारमा वार्षिक कार्यक्रमहरू तय गर्ने । | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | गाउँ कार्यपालिका | सामाजिक विकास शाखा |
| २ | गाउँपालिकामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परिक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गर्ने | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | गाउँ कार्यपालिका | सामाजिक विकास शाखा |
| ३ | हाल सम्म स्वीकृत भएका कानुन तथा नीतिहरूको बारेमा जनप्रतिनिधी तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने | प्रशासन शाखा प्रमुख | गाउँ कार्यपालिका | प्रशासन शाखा प्रमुख |
| ४ | बार्षिक कार्यक्रमहरू तय गर्दा लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया GRB अबलम्बन गर्ने | महिला तथा बालबालिका शाखा र योजना शाखा | गाउँ कार्यपालिका | सामाजिक विकास शाखा |
| ५ | गाउँपालिकाको निर्णायक तहमा महिलाहरूको समानरुपमा ५० प्रतिशत प्रतिनिधित्वको लागि पहल गर्ने । | सम्बन्धित शाखा तथा कार्यपालिका | गाउँ कार्यपालिका | सबै शाखाहरू |
| ६ | कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिलाहिंसा नियन्त्रणको लागि लै.स.सा.स आचारसंहिता बनाएर लागू गर्ने । | प्रशासन शाखा | गाउँ कार्यपालिका | प्रशासन शाखा |
| ७ | गाउँपालिकामा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समिक्षा सम्बन्धी कार्यका लागि गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा बञ्चितिकरणमा परेको समुदायको हित हुने सवालमा सुझाव दिने परिपाटिको थालनी गर्ने । | गाउँउपप्रमुख तथा प्रशासन शाखा | गाउँ कार्यपालिका | प्रशासन शाखा र कार्यपालिका |
| ८ | गाउँपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने | रोजगार शाखा | कार्यपालिका | रोजगार शाखा |
| ९ | कार्यक्रम अनुगमनका सूचकहरूमा लैससाससँग सम्बन्धित सूचकहरू समेत समावेश गराउने । | प्रप्रअ, प्रशासन शाखा प्रमुख | प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्रप्रअ,प्रशासन शाखा प्रमुख |
| १० | लै.स.सा.सका सवालसँग सम्बन्धित राष्ट्रिय प्रावधानहरू, अन्तराष्ट्रिय प्रतिवद्धताहरू, सन्धि सम्झौताहरूका बारेमा जानकारी हुने गरी गाउँपालिका स्तरीय तालिम सञ्चालन गर्ने । | महिला तथा बालबालिका समिति | कार्यपालिका तथा सभा | महिला तथा बालबालिका शाखा |
| ११ | लैंगिक हिंसारहित गाउँपालिका घोषणा गर्नका लागि महिला हिंसा विरुद्ध शुन्य संहिष्णुता अपनाएको लगायतका तथ्याङ्कहरू अद्यावधिक गर्दै लैजाने । | महिला तथा बालबालिका समिति | कार्यपालिका | सबै वडा कार्यालयहरू |

| आर्थिक वर्ष २०८१/८२ का लागि महत्वपूर्ण कार्यक्रमहरू | मुख्य जिम्मेवारी | | |
|---|---|---|---|
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता |
| १२. गाउँपालिका लगायत गाउँपालिका अन्तर्गतका सरकारी संरचनाहरू निर्माण गर्दा लै.स.सा.स. मैत्री हुने गरी निर्माण कार्यलाई निरन्तरता दिने । | भवन तथा शहरी विकास शाखा तथा महिला विकास शाखा | कार्यपालिका | भवन तथा शहरी विकास शाखा |
| १३. गाउँपालिकाले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू संचालन गर्ने । | योजना शाखा तथा सामाजिक विकास शाखा | कार्यपालिका | योजना शाखा |
| १४ महिला, गरिब र बञ्चितीकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहयोग गर्ने कार्यक्रमलाई प्रोत्सहान दिने र न.पा.बाट थप दायित्व आवश्यक परेमा सहयोग गर्ने । | स्वास्थ्य शाखा तथा महिला बालबालिका शाखा | कार्यपालिका | स्वास्थ्य शाखा |
| १५ लै.स.सा.स. आचारसंहिता तयार गरी कार्यालय परिसरमा टाँस गर्ने । | सामाजिक विकास शाखा | प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | |
| १६ गाउँपालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याउने । | प्रशासन विद्येयक समिति | कार्यपालिका | प्रशासन शाखा |
| १७ गाउँपालिकामा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित गरी जनचेतना अभिवृद्धि हुने किसिमका कार्यक्रमहरू गर्ने । | महिला विकास शाखा तथा योजना शाखा | कार्यपालिका | सामाजिक विकास शाखा |
| १८ कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको नसकेको यकिन गर्ने । | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा तथा योजना शाखा |
| १९ लै.स.सा.स विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जालिकरण गरी कार्ययोजना बनाई कार्य सुरुवात गर्ने । | महिला विकास शाखा तथा सामाजिक विकास शाखा | कार्यपालिका | महिला विकास शाखा तथा सामाजिक विकास शाखा |
| २०. गाउँपालिकाले आगामी आ.व.बाट निरन्तर लैससास परिक्षण गर्ने पहल गर्ने । | सामाजिक विकास शाखा | प्र. प्र. अ. | महिला तथा बालबालिका शाखा |
| १. नियमित रुपमा गाउँपालिकाले गर्ने गरेको सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षणजस्ता सामाजिक जवाफदेहिताको औजारको प्रयोग गर्दा लैससाससँग सम्बन्धित सवाल तथा समग्र तथ्याङ्कहरूलाई खण्डिकृत गरी अद्यावधिक गर्दै लैजाने कार्यको थालनी गर्ने । | सामाजिक विकास शाखा | प्र. प्र. अ. | सामाजिक विकास शाखा |

# लै.स.सा.स. तयारीको लागि छलफलमा उपस्थित सहभागीहरू तथा तस्वीरहरू

आज मिति २०८१-०८-०२ गते यस लिखुपिके गाउँपालिकाका प्रमुख/ उपप्रमुख/वडा सदस्य/कार्यपालिका सदस्य श्री अध्यक्ष श्री मिना कार्की ज्यू को अध्यक्षतामा कार्यालय को प्राङ्गणमा, गाउँपालिकाका जनप्रतिनिधिहरू, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु,सरोकारवालाहरु लगायत तपसिलको उपस्थितिमा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण र रणनीति तयारीका लागि छलफल गरी आवश्यक तथ्याङ्कहरु साथै सल्लाह, सुझाव संकलन गरियो ।

तपसिल

| क.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | मिना कार्की (बस्नेत) | अध्यक्ष | ९८५५३५२५५२ | [illegible] |
| २ | छ्वाङ ल्हाम्बु शेर्पा | उपाध्यक्ष | ९८५१३२६२३६ | [illegible] |
| ३ | डिमा छिरी लामा | वडा अ.५ नं. | 9861604236 | [illegible] |
| ४ | ध्रुव बहादुर वस्नेत | वडा नं. ३ अ | ९८४९८८८५६८ | [illegible] |
| ५ | काजीमान राई | प्रमुख प्र.अ. | ९८५४१८५४१२ | [illegible] |
| ६ | अनुप राज बस्नेत | अ.स. इन्जिनियर | ९८५११६२८१५ | [illegible] |
| ७ | सोम माया भोटे | सदस्य सदस्य | ९८६८६६६६२८ | [illegible] |
| ८ | सबिता बि.क | कार्यपालिका सदस्य | ९८६०८२५६६६ | [illegible] |
| ९ | चित्र माया बराइली | " सदस्य | ९८६२८३६३०० | चित्र |
| १० | सोभा देवि लामिछाने | " सदस्य | ९८६६२५६६८६ | [illegible] |
| ११ | निर कुमार बि क | " सदस्य | ९८६२५०१६२० | [illegible] |
| १२ | मान बहादुर खुलेल | " सदस्य | ९८६१२८९००६ | मान |
| १३ | पुण्य क बस्नेत | [illegible] | ९८४९८५६६६ | [illegible] |
| १४ | धिरज राई | [illegible] | ९८४४३०४२०६ | [illegible] |
| १५ | रमेश कुमार कार्की | [illegible] | ९८६१३५८६२० | [illegible] |
| १६ | विष्णु बरुवाल | प्रा.स. | ९८४५६६८६६० | [illegible] |
| १७ | प्रमोद राज खत्री | प्रा.स. चौथो | ९८४४२०७६६० | [illegible] |
| १८ | प्रदिप राज कन्नेल | रो.स. | ९८७४३१६०५९ | [illegible] |
| १९ | रामभिलन महतो | वडा सचिव | ९८४८८८८८२० | [illegible] |
| २० | नवराज बस्नेत | [illegible] | ~~९८४२५२३~~ | [illegible] |
| | | इकाइ प्रमुख | ९८४०५८४२२६ | [illegible] |

आज मिति ..................... गते यस लिखुपिके गाउँपालिकाका प्रमुख/ उपप्रमुख/वडा सदस्य/कार्यपालिका सदस्य श्री ..................................................... को अध्यक्षतामा कार्यालय को प्राङ्गणमा, गाउँपालिकाका जनप्रतिनिधिहरू, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु,सरोकारवालाहरु लगायत तपसिलको उपस्थितिमा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण र रणनीति तयारीका लागि छलफल गरी आवश्यक तथ्याङ्कहरु साथै सल्लाह, सुझाव संकलन गरियो ।

तपसिल

| क.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| २१ | गंगा विक्रम कार्की | वडा प्रतिनिधि | ९८२५८३६९३ | [signature] |
| २२ | अर्जुन कुमार बस्नेत | वडा सचिव | ९८४४६१९४६८ | [signature] |
| २३ | कुमार बस्नेत | अपाङ्गता सञ्जाल अध्यक्ष | ९८०६२५००४७ | [signature] |
| २४ | दिवश सुवेदी | अ.स.उ./पाउनुहुन पालिका संयोजक | ९८५२८६९००१ | [signature] |
| २५ | सञ्जीव बस्नेत | आर्टिकल फिल्ड | ९८६१८२८८११ | Basnet |
| २६ | विमला घिमिरे | सहजकर्ता | | Bimla |
| ७ | समिता घिमिरे | 〃 | — | Samita |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |






